कृषि, वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेभसाइट :- www.kapilvastu.pmamp.gov.np

प.सं. : २०८३/८४
च.नं. :

## मौजुदा सूचिमा दर्ता गर्ने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०४/०१**

## सूचना नं. १

यस कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुको लागि आ.व. २०८३/०८४ मा आवश्यक पर्ने तपसिल बमोजिमका विभिन्न सामान तथा सेवाहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियामावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) तयार गर्नु पर्ने भएको हुँदा तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी सोही नियमावलीको अनुसूची-२ (क) बमोजिमको ढाँचामा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

क. आवश्यक कार्य तथा सेवाहरुको विवरण

१. मसलन्द तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य।
२. कम्प्युटर, प्रिन्टर, फोटोकपी लगायतका विद्युतीय मेशिनरी सामान तथा पार्टपुर्जा आपूर्ति तथा मर्मत सम्बन्धी कार्य।
३. फर्निचर तथा फर्निसिङ आपूर्ति र मर्मत सम्बन्धी कार्य।
४. छपाई, प्रकाशन, प्रशारण तथा विज्ञापन सम्बन्धी कार्य।
५. निर्माण व्यवस्थापन सम्बन्धित सेवा।
६. सवारी साधन मर्मत तथा पार्टपुर्जा आपूर्ति सम्बन्धी कार्य।
७. पत्रपत्रिका आपूर्ति सम्बन्धी कार्य।
८. धारा तथा बिजुली सम्बन्धी सामान आपूर्ति र मर्मत सम्बन्धी कार्य।
९. वीउविजन, मल तथा विषादीहरु आपूर्ति सम्बन्धी कार्य।
१०. कृषि कार्यक्रममा प्रयोग हुने औजार, उपकरण तथा सरसामानहरु आपूर्ति सम्बन्धी कार्य।

ख. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु

१. संस्था वा फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आर्थिक वर्ष २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. व्यवसायिक इजाजतपत्रको प्रतिलिपि।
५. प्रचलित कानून बमोजिम अयोग्य नभएको तथा कालोसूचिमा नपरेको व्यहोरा खुलाइएको स्वघोषणा सहित निवेदन पेश गर्नु पर्नेछ।

अन्य शर्तहरु

माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाका लागि छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रित नपुगी आएका निवेदनहरुलाई मान्यता दिइने छैन। प्राप्त निवेदनहरु मौजुदा सूचीमा दर्ता गर्ने वा नगर्ने अधिकार यस कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुमा रहनेछ।

निवेदनको ढाँचा यस कार्यक्रमको वेबसाइट https://kapilvastu.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत